# शरणार्थी मान्यताको आवेदन गर्ने विचार गरिरहेको सम्पूर्ण शिप प्रशिक्षार्थीहरूलाई

हेइसेइ ३० साल फेब्रुअरी

न्याय मन्त्रालय अध्यागमन ब्यूरो

न्याय मन्त्रालयमा अहिलेसम्म नियम पुर्‍याएर बसेका विदेशीले शरणार्थी मान्यताको आवेदन दिएको अवस्थामा, आवेदन गरेको ६ महिना बितिसकेपछि नियमानुसार काम गर्ने अनुमति दिने गरेका थियौं। तर यो वर्षको जनवरी १५ तारिखमा शरणार्थी मान्यता प्रक्रियामा रहने आवेदकहरूलाई दिंदै आएको बसोबास योग्यताको परिचालनमा संशोधन गरेका छौं।

उदाहरणको लागि, प्राविधिक प्रशिक्षार्थीको सन्दर्भमा भन्ने हो भने प्रशिक्षण स्थलबाट हराएपछि अथवा प्राविधिक प्रशिक्षण योजनाको समापनपछि शरणार्थी मान्यताको आवेदन गरेको अवस्थामा, आवेदन गरेको ६ महिना बितिसकेपछि पनि सिद्धान्ततः काम गर्ने अनुमानि नदिने बनाएका छौं।

(नोट 1) प्राविधिक प्रशिक्षणलाई निरन्तरता दिंदै शरणार्थी मान्यता आवेदन दिन सकिन्छ।

(नोट 2) शरणार्थीको सन्धि अनुसारको शरणार्थी भएको सम्भावना बढी भएको अवस्थामा अथवा आफ्नो देशको स्थिति इत्यादिले गर्दा मानवअधिकार बमोजिम विचार पुर्‍याउन आवश्यक हुने सम्भावना बढीभएमा मात्र काम गर्ने अनुमति दिइनेछ।

पुनश्च, प्रशिक्षण स्थलमा नियमकानुन उल्लंघन भएको महसुस गरिने अवस्थामा अथवा प्राविधिक प्रशिक्षणलाई निरन्तरता दिने कुरामा चिन्ता लाग्ने इत्यादि बिषयमा सल्लाह गर्न चाहनुहुन्छ भने विदेशी प्राविधिक प्रशिक्षण सङ्घमा सल्लाह गर्नुहोस्। ("प्राविधिक प्रशिक्षण पुस्तिका" पृष्ट ६४लाई सन्दर्भको रूपमा लिनुहोस्।)